मितिः २०८३/०६/१२

**चिया व्यवसायीहरुलाई खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको सूचना।**

यस विभागबाट नियमित अनुगमन निरीक्षणको क्रममा संकलित चियाको नमुना यस विभागको प्रयोगशालामा विश्लेषण परिक्षण गर्दा कृत्रिम बाह्यय रंगको मिसावट गरेको पाईएकोले विभागले मिति २०८३/०६/०८ गते चियाको Recall गर्न सम्बन्धित व्यवसायीलाई आदेश जारी गरिएको व्यहोरा अवगत नै छ। सो सम्बन्धमा उक्त उद्योगको अन्य उत्पादनहरु पनि रोक्का राखी थप अनुसन्धान कार्य भइरहेको व्यहोरा जानकारी गराईन्छ।

चियामा त्यस्ता खालका कृत्रिम बाह्यय रंग मिसाउने तथा अन्य मिसावटका कार्य नगर्न नगराउन सम्पूर्ण चिया उत्पादक, प्रशोधनकर्ता, प्याकेजिङ्गकर्ता तथा विक्रि वितरकहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। अन्यथा, खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को व्यवस्था बमोजिम कारवाही हुने व्यहोरा सूचित गरिन्छ।

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाण्डौ।